# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ९) हेटौंडा, नेपाल, चैत २३ गते, २०८२ साल (सङ्ख्या ०८


## भाग ३

## बागमती प्रदेश सरकार

## आर्थिक मामिला तथा योजना मन्त्रालय

### हेटौंडा, नेपालको

## सूचना

### प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०८२

प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रदेश विनियोजन ऐन, २०८२ को दफा ११ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश सरकारले यो मापदण्ड बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०८२" रहेको छ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ।

२. **प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८२ को दफा ३ मा संशोधनः** प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८२ को दफा ३ को,-

(१) उपदफा (१) मा रहेका "मंसिर मसान्तभित्रमा" भन्ने शब्दहरुको सट्टा "२०८३ साल वैशाख पाँच गतेभित्रमा" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपदफा (२) मा रहेका "पौष पन्ध्र गतेभित्र" भन्ने शब्दहरुको सट्टा "२०८३ साल वैशाख दश गतेभित्र" भन्ने शब्दहरु राखिएका छन्।

(३) उपदफा (३) मा रहेका "पौष मसान्तभित्र" भन्ने शब्दहरुको सट्टा "२०८३ साल वैशाख पन्ध्र गतेभित्र" भन्ने शब्दहरु राखिएका छन्।

**आज्ञाले,**
**नुमानन्द अधिकारी**
**नि. प्रदेश सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।
मूल्य रू. ५।-